अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ४ र ५ हापुरे, दाङ**

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०१।३१**

श्री पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ४ र ५, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार र आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को साल गोलिया काठ बबई गाउँपालिका वडा नं. ५ हापुरे, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| १ | १,५ र १० | साल | गोलिया | A | १५ | २६०.९८ | १२५० | ३२६२२५ | २४३१९४ |
| | | | | B | ५६ | ५०९.९३ | ९०० | ४५८९३७ | |
| | | | | C | ११० | ६४८.२१ | ६०० | ३८८९२६ | |
| | | | | D | ४ | ११.४३ | ३०० | ३४२९ | |
| | | लट नं. १ को जम्मा | | | १८५ | १४३०.५५ | | ११७७५१७ | |
| २ | ७,१२ र १३ | साल | गोलिया | A | १४ | २२४.८८ | १२५० | २८११०० | २५६६६८ |
| | | | | B | ४५ | ५१६.५८ | ९०० | ४६४९२२ | |
| | | | | C | १४१ | ७६३.९६ | ६०० | ४५८३७६ | |
| | | | | D | २ | ४.३९ | ३०० | १३१७ | |
| | | लट नं. २ को जम्मा | | | २०२ | १५०९.८१ | | १२०५७१५ | |
| ३ | ९ र १६ | साल | गोलिया | A | १५ | ३१०.५२ | १२५० | ३८८१५० | २३०३९९ |
| | | | | B | ५३ | ६४५.२२ | ९०० | ५८०६९८ | |
| | | | | C | ४७ | ३७७.३० | ६०० | २२६३८० | |
| | | | | D | १ | २२.२५ | ३०० | ६६७५ | |
| | | लट नं. ३ को जम्मा | | | ११६ | १३५५.२९ | | १२०१९०३ | |
| ४ | ६ र ११ | साल | गोलिया | A | ९ | १६८.१४ | १२५० | २१०१७५ | १३३९ |
| | | | | B | ३२ | ३५५.३५ | ९०० | ३१९८१५ | |
| | | | | C | ३४ | २५३.५८ | ६०० | १५२१४८ | |
| | | जम्मा | | | ७५ | ७७७.०७ | | ६८२१३८ | |
| | | असना | गोलिया | A | १२ | ३५२.५७ | ४०० | १४१०२८ | |
| | | | | B | ५ | ११५.०७ | ३०० | ३४५२१ | |
| | | | | C | ३ | ६४.३३ | १०० | ६४३३ | |
| | | जम्मा | | | २० | ५३१.९७ | | १८१९८२ | |

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ४ र ५ हापुरे, दाङ**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| | | कर्मा | गोलिया | B | १ | ७.२९ | ३०० | २१८७ | |
| | | | | C | ४ | २२.७९ | १०० | २२७९ | |
| | | जम्मा | | | ५ | ३०.०८ | | ४४६६ | |
| | | लट नं. 4 को जम्मा | | | १०० | १३३९.१२ | | ८६८५८६ | |
| ५ | ११ | साल | गोलिया | A | ६ | १०८.२४ | १२५० | १३५३०० | १९५०७८ |
| | | | | B | ३७ | ३८५.४२ | ९०० | ३४६८७८ | |
| | | | | C | १३२ | ६४८.०२ | ६०० | ३८८८१२ | |
| | | | | D | २ | ५.८४ | ३०० | १७५२ | |
| | | जम्मा | | | १७७ | ११४७.५२ | | ८७२७४२ | |
| ६ | आ.व. २०८०/८१ र आ.व. २०८१/८२ | साल | गोलिया | A | ४ | ५८.४३ | १२५० | ७३०३८ | २०१२६८ |
| | | | | B | १८ | १८३.५४ | ९०० | १६५१८६ | |
| | | | | C | १७८ | ८००.१० | ६०० | ४८००६० | |
| | | | | D | ४८ | १४१.८६ | ३०० | ४२५५८ | |
| | | जम्मा | | | २४८ | ११८३.९३ | | ७६०८४२ | |
| | | साल | दाउरा | | | १७.०० | १२००० | २०४००० | २१२८०० |
| | | अन्य | | | | २.०० | ४००० | ८००० | |
| | | दाउरा जम्मा | | | | १९.०० | | २१२००० | |
| गोलिया काठको कुल परिमाण | | | | | १०२८ | ७९६६.२२ | | ६०८७३०५ | |
| नोटः काठ, दाउरा संकलन खर्च काठको प्रति घ.फि. रु.१७०।- र दाउराको प्रति चट्टा रु. ११,२००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०२।२० गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८३।०२।२१ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाईन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, हापुरे शाखा, दाङमा रहेको खाता नं. ०६३००१००३०८५३१००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ५, हापुरे, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

# श्री पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ४ र ५ हापुरे, दाङ**

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।२१ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**मकै छर्दै महिला** : घोराही उपमहानगरपालिका-१३ स्थित कलमघारी गाउँका स्थानीय महिला गोरु र हलोको सहायताले बारी जोतेर परम्परागत तरिकाबाट मकै छर्दै । पुरुष वैदेशिक रोजगारी तथा अन्य कामका लागि बाहिर गएपछि गाउँघरमा महिलाले खेतीपातीसहित पुरुषले गर्ने धेरै कामको जिम्मेवारी सम्हाल्दै आएका छन् । *तस्बिर: कुलदीप न्यौपाने*

## समयमै रासायनिक मलको व्यवस्था गर्न सांसदहरुको माग

काठमाडौं, ३० वैशाख (युस)- प्रतिनिधिसभाको बैठकको शून्य समयमा सांसदहरुले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन माग गरेका छन् ।

खेतीको मौसम शुरु हुन लागेकाले तत्काल रासायनिक मल उपलब्ध गराउन, कृषिलाई थप जिम्मेवार र व्यावसायिक बन्ने वातावरण बनाउन माग गरेका हुन् । सांसद विक्रम खनालले खेतीको मौसम शुरु भए पनि रासायनिक मल प्राप्त हुन नसकेको र मल खरिदका लागि साहुसँग ब्याजमा ऋण लिनुपरेको बताउनुभयो । उहाँले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुनिल केसीले समयमै आवश्यक मात्रामा किसानलाई रासायनिक मल उपलब्ध गराउन माग गर्नुभयो । सांसद शम्भुप्रसाद ढकालले गरिब नेपाली किसानले लगाएको केरा बिक्रीका लागि वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सीमापारिबाट सामान ल्याउनेभन्दा पनि नेपाली उत्पादन नै उपभोग गर्नुपर्ने बताउनुभयो ।

## क्रान्तिकारी सुकुम्बासीको विरोध प्रदर्शन

❑ गोविन्द खड्का




घोराही, ३० वैशाख । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल ४ नम्बर ब्यूरोको आयोजनामा बुधबार घोराहीमा विरोध प्रदर्शन भएको छ ।

बालमन्दिर चोकबाट शुरु भएको र्‍याली तुलसीपुरचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । सो अवसरमा ब्यूरो इन्चार्ज समिर केसीले सरकारले सुकुम्वासी वस्तीमा डोजर लगाएपछि आत्महत्या गर्नुपर्ने स्थिति आएको बताउनुभयो । 'सुकुम्बासी वस्तीमा डोजर लगाउनु सिधै मानवअधिकार हनन् हो'- उहाँले भन्नुभयो- 'पहिला सुकुम्बासीको डाटा संकलन गरियोस् । वास्तविक भूमिहीन सुकुम्वासीलाई कहाँ लैजाने भनेर व्यवस्थापन गरेर मात्रै उठाइयोस् ।' उहाँले एकाएक आतंकित बनाई वस्ती नउठाइयोस् भन्नुभयो ।

वक्ताहरुले वर्षातनजिक भएको बेलामा नागरिकलाई उठिबास लगाउने काम नगर्न आग्रह गरे । धनी, गरिव, सुकुम्वासी, जमिन्दार सबैको बास बस्ने र बाँच्ने अधिकार भएको बताए । उनीहरुले संस्थाहरुले आफ्नो जमिन थाहै नहुने गरी हजारौं विगाह राख्न नहुने बताउँदै त्यसरी कब्जा गरेर राखिएको संस्थाको जमिन उचित व्यवस्थापन गर्न सुझाव दिए । सो अवसरमा ब्यूरो सेक्रेटरी टीकाराम पौडेल, क्रान्तिकारी सुकुम्बासी संगठनका केन्द्रीय सदस्य तिलक विक, संगठनका दाङ जिल्ला अध्यक्ष डम्बर पुनलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन नारायण योगीले गर्नुभएको थियो ।

# दीपशिखामा चार जिपिए ल्याउनेलाई सम्मान

युगबोध समाचारदाता




घोराही, ३० वैशाख । दीपशिखा माध्यमिक विद्यालय/कलेज घोराही-१५ ले एसईई २०८२ मा फोर जिपिए ल्याई उत्तीर्ण तेजस्वी डाँगीलाई बुधबार सम्मान गरेको छ ।

सञ्चालक समितिका अध्यक्ष माधवप्रसाद अधिकारीको अध्यक्षतामा शिक्षा समन्वय इकाई प्रमुख देवमणि चौधरीले खादा तथा नगदले सम्मान गर्नुभएको थियो । उहाँलाई विद्यालयको तर्फबाट २० हजार नगद प्रदान गरिएको थियो । यसैगरी सन्तोष रेग्मीले पाँच हजार नगद पुरस्कार दिनुभएको थियो । यसरी २५ हजार नगदसहित ४ जिपिए ल्याउने डाँगीलाई र उहाँका अभिभावकलाई कार्यक्रममा सम्मान गरिएको थियो ।

यसैगरी सामाजिक विषयमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरुलाई पूर्वप्रिन्सिपल तथा सामाजिक विषयका शिक्षक धनबहादुर विसीले १० हजार रुपैयाँ पुरस्कार प्रदान गर्नुभएको थियो । उहाँले अनपढ आमाको योगदानको कदर गर्न र सामाजिक विषयमा नम्बर कम आउँछ भन्ने विद्यार्थीलाई उत्साह थप्न पुरस्कार दिएको बताउनुभयो । 'म कुन विषय पढ्दा आफूलाई अब्बल बनाउन सक्छु भनेर रोज्ने जिम्मेवारी बालबालिकाको हो'- प्रमुख अतिथि चौधरीले भन्नुभयो- 'बाटो देखाइदिने काम अभिभावक र शिक्षकको हो ।' उहाँका अनुसार दीपशिखा अहिलेसम्म आफ्नो साख राख्न सफल छ । यहाँका शिक्षकको लगनशीलता, मेहनत र जिम्मेवारी पूरा गर्ने शैली राम्रो छ ।

एसईईपछिको हस्पिटालिटी म्यानेजमेन्ट, टुरिज्म एण्ड माउण्टनेयरिङ र मार्केटिङ विषय यो वर्ष थप हुने एकेडेमिक डाइरेक्टर निश्चल आचार्यले बताउनुभयो । उहाँका अनुसार यसअघि पनि नयाँ विषय ल्याउने प्रथम विद्यालय आफै बनेको दावी गर्नुभयो । 'साइन्स, म्यानेजमेन्ट र होटल म्यानेज्मेन्ट अध्ययन गर्ने भएपछि बालबालिकालाई बाहिर नपठाउनुस्'- उहाँले अभिभावकलाई भन्नुभयो- 'ढुक्क हुनुस् अब्बल बनाएर पठाउँछौं ।' उहाँले प्लस टु दीपशिखाबाट गरेर उच्चशिक्षामा उत्कृष्ट बनेकाको उदाहरण दिनुभयो । केही चिज अपुग हुन नदिने पूर्ण जिम्मेवारी प्रशासनले लिने बताउनुभयो । उहाँका अनुसार कम्प्युटर, होटल म्यानेजमेन्ट शुरुमा ल्याउने पनि दीपशिखा हो । आफ्नै स्कूलभित्र होटल म्यानेजमेन्टको ल्याव पनि दीपशिखामा मात्रै छ ।

सो अवसरमा उत्कृष्ट नतिजा ल्याउन सफल विषय शिक्षकहरुलाई पनि नगदसहित सम्मान गरिएको थियो । शिक्षकहरु प्रतिराज बस्नेत, सन्तोषकुमार रेग्मी, सुमन केसी, धनबहादुर विसी, अशोक भुसाल, महेश सुवेदी, अमृत शर्मा, राजन शाही र प्रवीण पोखेल सम्मानित हुनुभएको थियो । एसईई उत्तीर्ण सम्पूर्ण विद्यार्थी र तिनका अभिभावकलाई पनि खादा, टीका र मायाको चिनो दिएर सम्मान गरिएको थियो । सो अवसरमा संस्थापक सदस्य माधव न्यौपाने, क्याम्पस प्रमुख प्रतिराज बस्नेत, नेपाल पत्रकार महासंघ दाङ शाखा अध्यक्ष सन्तोष सुवेदी, साइन्स कोर्डिनेटर सुमन केसी, सामाजिक विषय शिक्षक धनबहादुर विसी, अभिभावक सुषमा शर्मा श्रेष्ठ, विद्यार्थीहरु तेजस्वी डाँगी, उत्सव केसी, दिपिका भण्डारीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विद्यालयका आर्थिक विभाग प्रमुख राम थापाको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन प्रिन्सिपल मनोज बुढाथोकीले गर्नुभएको थियो ।

### संसद्मा....

उपनियम १ मा भनिएको छ । यस अनुसार विपक्षी दलहरूले अध्यादेश अस्वीकृत गरियोस् भन्ने सूचना दर्ता गरेका हुन् ।

प्रतिनिधिसभामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई सिट कम दुई तिहाइ बहुमतमा छ । यस कारण प्रतिनिधिसभामा सत्तारुढ दलले रोक्न नचाहेको खण्डमा अध्यादेश अस्वीकृतको सूचना पास हुने सम्भावना कम छ । तर राष्ट्रिय सभामा रास्वपाको उपस्थिति नै छैन । राष्ट्रियसभाका ठूला दलहरू नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेकपा एमाले अध्यादेशको विरोधमा छन् । यी दलहरूले नै अस्वीकृतको सूचना दर्ता गरेका हुन् । एमालेले ८ वटै अध्यादेश निस्क्रिय बनाउनुपर्ने भन्दै अस्वीकारको सूचना दर्ता गराएको छ ।

कांग्रेसले संवैधानिक परिषद् र केही नेपाल ऐनलाई संशोधन गर्न ल्याएको अध्यादशलाई अस्वीकार गरियोस् भन्ने सूचना दर्ता गराएको छ भने नेकपाले केही नेपाल ऐन, संवैधानिक, विश्वविद्यालय र सार्वजनिक पदाधिकारीहरूको पदमुक्तिसम्बन्धी अध्यादेश अस्वीकार होस् भनेर सूचना दर्ता गराएको छ । यदि कुनै एउटा सभाबाट समेत अध्यादेश अस्वीकृत भयो भने पनि त्यो निस्क्रिय हुनेछ । 'त्यस्तो प्रत्येक अध्यादेश जारी भएपछि बसेको संघीय संसद्को दुबै सदनमा पेश गरिनेछ र दुबै सदनले स्वीकार नगरेमा स्वत: निस्क्रिय हुनेछ' संविधानको धारा ११४ को उपधारा २ मा छ । अर्थात राष्ट्रियसभामा रहेका ठूला दलहरू एक भए भने अध्यादेश अस्वीकृतसमेत हुन सक्छ ।

५९ सदस्यीय राष्ट्रियसभामा कांग्रेसका २४, नेकपाका १७, एमालेका १०, जसपा नेपालका २, लोसपा र राष्ट्रिय जनमोर्चाका एक/एकजना र मनोनीत दुईजना रहेका छन् । राष्ट्रपतिबाट मनोनीत हुने एकजना सदस्यको पद रिक्त छ । अध्यादेश दुबै सदनबाट स्वीकृत भएमा दुवै सदनको बैठक बसेको ६० दिनभित्र अध्यादेश प्रतिस्थापन विधेयक ल्याएर दुबै सदनबाट पारित गरेर राष्ट्रपतिबाट समेत प्रमाणीकरण भएर ऐनमा रूपान्तरित भइसक्नुपर्छ ।

## मध्यपश्चिमको आयोजनामा रक्तदान कार्यक्रम

युगबोध समाचारदाता




घोराही, ३० वैशाख । घोराहीबाट प्रसारण हुँदै आएको रेडियो मध्यपश्चिम ९१.४ मेगाहर्जले आफ्नो २१ औं स्थापना दिवसको अवसर पारेर बुधबार रक्तदान कार्यक्रम गरेको छ ।

दाङ सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित रेडियो मध्यपश्चिमले आफ्नो वार्षिकोत्सवका अवसरमा तीनदिने कार्यक्रमअन्तर्गत पहिलो दिन रक्तदान कार्यक्रम आयोजना गरेको हो । रेडियो परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा रेडियोका अध्यक्ष मधुसूदन वैद्यले सामाजिक उत्तरदायित्व वहन गर्दै अस्पतालमा हुने रगतको अभावलाई थोरै भए पनि कम गर्न रक्तदान कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

रक्तदान कार्यक्रममा सञ्चालक समितिका सदस्य एकनारायण पौडेल, उपाध्यक्ष सुदर्शन रिजाल, सुशील अधिकारी, मुक्ति न्यौपाने, रेडियोका प्राविधिक शालिकराम चौधरी, समाचार शाखाका शान्तकुमार बुढा मगरलगायतले रक्तदान गर्नुभएको संयोजक सुदर्शन रिजालले जानकारी दिनुभयो । रेडियोले वार्षिकोत्सवका अवसरमा वैशाख ३१ गते छलफल तथा अन्तरक्रिया र जेठ १ गते समापन समारोह आयोजना गरिने रेडियो सञ्चालक समितिका अध्यक्ष मधुसूदन वैद्यले जानकारी दिनुभयो ।

२०६३ पुस २८ गतेदेखि परिक्षण प्रसारण थालेको रेडियो मध्यपश्चिम ९१.४ मेगाहर्जले २०६३ जेठ १ गतेदेखि नियमित प्रसारण थालेको थियो । रेडियोले बिहान ५ बजेदेखि बेलुका १० बजेसम्म समाचार, विषयबस्तुमा केन्द्रीत बहस र अन्य मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## सुपा देउराली मन्दिरको गरियो प्राणप्रतिष्ठा

युगबोध समाचारदाता

देउखुरी, ३० वैशाख । लमही नगरपालिका-५ स्थित जैविक विविधता ग्रीनपार्कमा नव निर्मित सुपा देउराली (ढुङ्गे) मन्दिरको प्राणप्रतिष्ठा तथा मूर्ति स्थापना गरिएको छ ।

लमही नगरपालिकाका प्रमुख जोगराज चौधरीले विधिवत रुपमा मन्दिरको प्राणप्रतिष्ठा गर्नुभएको हो । झण्डै ४० लाख रुपैयाँको लागतमा ढुंगै ढुंगाबाट निर्माण गरिएको मन्दिर स्थानीयवासीको सक्रियता, श्रमदान तथा सहयोगबाट निर्माण सम्पन्न भएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराज खनालको अध्यक्षता तथा लमही नगरपालिकाका प्रमुख जोगराज चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा नम्बर ५ का वडाध्यक्ष ओमप्रसाद सुवेदीको विशेष आतिथ्यता थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, धर्मप्रेमी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।

प्राणप्रतिष्ठाअघि सुपा देउराली मन्दिर निर्माण तथा व्यवस्थापन समितिको आयोजनामा भव्य कलशयात्रा निकालिएको थियो । कलशयात्रामा स्थानीय भक्तजन, महिला समूह, युवा तथा विभिन्न धार्मिक संघसंस्थाका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता थियो । बाजागाजासहित निकालिएको कलशयात्राले त्यस क्षेत्रको धार्मिक वातावरणलाई थप उल्लासमय बनाएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि चौधरीले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा यस्ता संरचनाले महत्वपूर्ण योगदान पुर्‍याउने बताउनुभयो । उहाँले स्थानीय समुदायको एकता र सहकार्यबाट निर्माण भएको मन्दिर यस क्षेत्रकै आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो ।

वडाध्यक्ष सुवेदीले स्थानीय पहिचान, धर्म संस्कृति र पर्यटन विकासलाई जोड्दै आगामी दिनमा मन्दिर क्षेत्रको थप व्यवस्थापन र पूर्वाधार विकासमा सहयोग गरिने बताउनुभयो । कार्यक्रमको सहजीकरण सन्दीप खनालले गर्नुभएको थियो । स्थानीयवासीको सक्रियता र सहयोगमा निर्माण गरिएको सुपा देउराली मन्दिरले धार्मिक पर्यटन प्रवर्द्धनसँगै सामाजिक तथा सांस्कृतिक एकतामा टेवा पुग्ने विश्वास गरिएको छ ।

## तुलसीपुरमा ९ किलोमिटर सडक कालोपत्रे

युगबोध समाचारदाता

तुलसीपुर, ३० वैशाख । तुलसीपुर उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिकसम्म भौतिक पूर्वाधार विकासतर्फ उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ ।

उपमहानगरले सार्वजनिक गरेको प्रगति विवरणअनुसार सडक कालोपत्रे, नाला निर्माण, पर्खाल निर्माणलगायतका विकास निर्माणका काम तीब्र रुपमा अघि बढाइएको छ । विवरणअनुसार हालसम्म ९ हजार ३ सय ५ दशमलव ६६ मिटर सडक कालोपत्रे गरिएको छ । त्यस्तै ६ हजार ३ सय ११ दशमलव ५ मिटर नाला निर्माण सम्पन्न भएको छ भने १ हजार ४ सय ५१ दशमलव ६६ मिटर कालोपत्रे सडक मर्मत गरिएको योजना शाखा प्रमुख रमा खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार उपमहानगरले आरसिसी निर्माणतर्फ ३१८ दशमलव ४ मिटर काम सम्पन्न गरेको छ भने ३४ मिटर जिआई रेलिङ निर्माण गरिएको छ । यसैगरी २ वटा कल्भर्ट निर्माण, १ हजार १३ दशमलव ५ वर्गमिटर टायलिन जाली बिछ्याउने कार्य तथा ६ सय ४९ दशमलव २२ वर्गमिटर ब्लक बिछ्याउने काम सम्पन्न भएको तथ्यांकमा उल्लेख छ । यसका साथै ४ वटा गेट निर्माण, १ सय १९ दशमलव ८ मिटर पर्खाल निर्माण, एउटा शवदाहस्थल तथा एउटा मन्दिर निर्माणको काम पनि सम्पन्न गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

### खर्च....

तयारी गर्नुपर्ने तथा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभयो । भौतिक पूर्वाधार विकास मन्त्रालयको तर्फबाट दायित्व करिब पाँच अर्ब रुपैयाँ रहेको जानकारी दिदै ६२ वटा आयोजनालाई चालु आर्थिक वर्षमै समेट्ने योजना रहेको जानकारी गराइएको थियो । प्रादेशिक सडक गुरुयोजनामा समावेश सडकलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपर्नेमा जोड थियो ।

सामाजिक विकास मन्त्रालयका सचिव दिवाकर भण्डारीले सहयोगापेक्षी मानव व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव वीरबहादुर केसीले सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई सहज बनाउन सकिने धारणा राख्नुभयो । स्वास्थ्य मन्त्रालयका उपसचिव उमेश गौतमले सुरक्षित मातृत्व अभियानलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै ओएनएम नहुँदा जनशक्ति व्यवस्थापनमा समस्या रहेको जानकारी दिनुभयो । बैठकमा प्रमुख सचिव कृष्णप्रसाद काप्री, प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्याल तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बन्धुप्रसाद वास्तोलाले प्रदेशको आर्थिक तथा योजनागत अवस्थाबारे प्रकाश पार्नुभएको थियो ।

### लमहीका....

समितिका तत्कालीन सदस्य सचिव टीकाराम ढकाल, तत्कालीन सदस्य सचिव नरहरि तिवारी, तत्कालीन सह-लेखापाल खड्कबहादुर राना र लेखा अधिकृत स्व. हरिबहादुर क्षत्री हुनुहुन्छ । स्व. क्षत्रीको हकमा उहाँकी श्रीमती सीमा कुमारी चन्द (क्षत्री) बाट बिगो असुलउपर गर्न मागदाबी गरिएको छ ।

समितिले जम्मा ४ करोड १८ लाख ४ हजार ३०३ रुपैयाँ राजस्व आम्दानी गरेकोमा १ करोड २३ लाख २५ हजार ६ सय २२ रुपैयाँ मात्र बैंक दाखिला गरेको अनुसन्धानबाट खुलेको छ । बाँकी २ करोड ९४ लाख ७८ हजार ६ सय ८१ रुपैयाँ राजस्व हिनामिना भएको भन्दै अख्तियारले विभिन्न पदाधिकारीहरूलाई फरक-फरक बिगो कायम गरी मुद्दा चलाएको हो । डाँगी हाल लमही नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत हुनुहुथ्यो । भ्रष्टाचार मुद्दा दर्ता भएसँगै उहाँ स्वत: निलम्बनमा पर्नुभएको छ ।

## श्री पदमपुर सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ४ र ५ हापुरे, दाङ

### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८३।०१।३१ गते

श्री पदमपुर सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ४ र ५ हापुरे, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ५ हापुरे, दाङको घाट्गद्दीमा लट बनाई राखिएको आ.व. २०८२/८३ को साल र असना प्रजातिको गोलिया काठ थान ७६२ को ३८८४.६१ घ.फि., साल दाउरा २०.०० चट्टा र आ.व. २०८०/८१ को साल गोलिया काठ ८२ को ३६४.४८ क्यु.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

## श्री पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ४ र ५, दाङ

### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८३।०१।३१ गते

श्री पूर्व हापुरे सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ४ र ५, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ५ हापुरे, दाङको घाट्गद्दीमा लट बनाई राखिएको आ.व. २०८२/८३ को साल, असना र कर्मा प्रजातिको गोलिया काठ थान ७८० को ६७८२.२९ घ.फि., साल दाउरा १७.०० चट्टा र अन्य दाउरा २.०० चट्टा गरी जम्मा १९.०० चट्टा दाउरा, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को साल गोलिया काठ २४८ को ११८३.९३ क्यु.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

## शिवम आरोग्य केन्द्र

खुशीको खवर ! खुशीको खवर !! खुशीको खवर !!!

विगत २० सालदेखि सेवामा सञ्चालित यस शिवम आरोग्य केन्द्रमा अत्याधुनिक सेवा सुविधाका साथ प्रत्येक दिन डा. पि.एन. झाद्वारा बिरामी चेकजाँच भइरहेको सहर्ष जानकारी गराउँदछौं ।

डा. पि.एन. झाद्वारा चेकजाँच हुने रोगहरू :

- पुरुष र महिलामा हुने निसन्तानपन (बाँझोपन) को सफल उपचार र उचित परामर्श सेवा ।
- महिला पुरुषमा हुने विभिन्न प्रकारका यौन रोगहरु जस्तै सिफलिस, गनोरिया, हेपेटाईटिस, धातुरोग इत्यादिको सफल उपचार ।

पुरूष: यौन इच्छामा कमी, कडापनमा कमी, शीघ्र स्खलनको समस्या, स्वप्न दोष, उमेर अनुसार यौनाङ्गको विकास नहुनु तथा यौनाङ्गबाट पिप बग्नु आदि रोगको सफल उपचार ।

महिला: महिनावारीमा गड्वडी, तल्लो पेट दुख्ने, सेतोपानी बग्ने, चिलाउने, विविरा र घाउखटिरा आउने, यौन इच्छामा कमी, उमेर अनुसार यौनाङ्गको बृद्धि विकास नहुनु आदिको सफल उपचार ।

छालाजन्य रोगहरू: अनुहारको चायाँपोतो, डन्डिफोर, सेतोदुवी, एलर्जी, सिरोसिस, छालाको घाउखटिरा आदिको सफल उपचार ।

अन्य रोगहरू: जन्डिस, पत्थरी, पिसाब पोल्ने, ग्याँस्ट्रिक, गानोगोला, अल्सर, वाथरोग, नसा सम्बन्धी रोग, हातखुट्टा झमझमाउने, स्मरण शक्तिमा कमजोरी, निद्रा नलाग्ने, दिमागको बोदोपन, डर, भय, त्रास आदि रोगको सफल उपचार ।

- पाईल्स, फिसर, फिस्टुलाको मात्र औषधिबाट सफल उपचार ।

अन्य सेवाहरू: फार्मेसी सेवा, प्याथोलोजी (विर्य, रगत, दिसा, पिसाब, छाला चेकजाँच) सेवा

बिरामी जाँच्ने समय : बिहान ९ देखि साँझ ६ बजेसम्म

स्थान : घोराही तुलसीपुरचोक महरा पेट्रोल पम्पदेखि पश्चिमतिर, अप्सरा होटल जाने गल्लीमा

सम्पर्क नं. ९८४४११८०१९, ९८०६२५१७९०

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com